Press Release / प्रेस विज्ञप्ती

For immediate release

Sano Paila (A Little Step)

Mr. Subir Kr. Ghosh,
Head of Communication
T: +977 51-522203 M: +977 9804209548 E: info@sanopaila.org.np

# मधेश-पहाडमा न्यानो बाड्दै, तराईमा समुदायको मन जोडदै

तराई-मधेशमा हिउँदले चिसो मात्र लिएर आउदैन, प्राण नै लिने शितलहर समेत बोकेर आउछ । शितलहरले गरिब तथा विपन्न घर-परिवारका सदस्यलाई टपक्क टिपेर लैजान्छ । अनि चर्चा परिचर्चा हुन थाल्छन । शितलहरले लगेका प्राणको गणना पछि मात्र सरकार न्यानो बाडन सजग देखिन थाल्छ । अनि घरका जडयौरी सहयोगका नाममा तराई-मधेशमा ओईरो लाग्छ । तर त्यो सहयोग विपन्न र नाङ्गो आङमा पुग्नु र नपुग्नु दुबै अर्थहिन भै सकेको विगतका अनुभवले देखाएको छ ।

भुकम्पले थिलाथिला भएको गोरखाको बरपाकमा हिउँदको हिम पहिरोले टाटा बसेका घाउ उप्काएको छ । हजारौ घरबार विहीन पीडित खुला आकासमा बसि रहेका छन । दुई छाक हातमुख जोर्नु बाहेक ज्यानै जाने जाडोबाट आफु र परिवार बचाउन गोरखा संघर्ष गरिरहेको छ ।

सुदुरपश्चिमको पवित्र थारु भुमि रक्ताम्य भयो भदौको पहिलो हप्ता । देश र जनताको सुरक्षाको जिम्मेबारी लिएका प्रहरीका वरिष्ठ अधिकारी थारु आन्दोलनको चपेटमा परे । एक बालक सहित आठ जनाले ज्यान गुमाए । दर्जनौ घर र ब्यवसाय खरानी भए । घटनाको पाँच महिना पछि पनि कैलालीमा दुई समुदायलाई अलग बनाएको आगो त निभेको छ तर खरानीमा अझै राप उस्तै छ । आफ्नो अवोध छोरो आखै अगाडी तातो गोलीले ढलेको प्रत्यक्ष देखेकी यमुना साँउद र मृत्युको मुखबाट बाचेकी निर्मला चौधरी दुबैले एकअर्कालाई दोषरोपण त गर्दैन्न । तर दुबैका मनले राज्यको उपस्थिती र अभिभावक्तव खोजिरहेका छन ।

थारु समुदायका एक अगुवा दिपक चौधरी नेपाल हाम्रो भएपनि देशको शासक वर्ग कहिले आफ्नो हुन सकेन भन्छन । अनि थारु गाँउका २२ जना थुनामा छन भने एकसय बढि मोस्ट वान्टेड सुचिमा भएकै कारण माघि सम्झदै राज्यको नजरबाट आफुलाई बचाउदै आफ्नै भुगोलबाट भाग्दै हिहिरहेका छन । र घटनाक्रम अघि नै लुटिएका ब्यवसायको हर हिसाब र घटना पछि उजाड भएको ब्यवसायको सुरुवातका लागि कैलाली राज्यको मुख ताक्दै छ ।

यस्तै मकवानपुरका चेपाङ बस्तीमा जाडोको चोट र माडको ओथका लागि बाटोमा हिडने अन्जान अनुहारमा प्राण खोज्दै थिए । देशमा पुषको अन्तिम साताका यी तीनवटै घटनाक्रममा सानो पाइलाका जागरुक हातहरु सहयोगका लागि र मननशिल मनहरु नयाँ सोचका साथ महोत्तरी, बारा मकवानपुर, गोरखा, लम्जुङ्ग र कैलालीमा सक्रिय भएका छन । संयोग हो, योजना होईन ।

# Press Release / प्रेस विज्ञप्ती

For immediate release

एकै दिन २५ पुसमा संयुक्त राज्य अमेरिकाको सान डियगो विश्व बिद्यालय अन्तगत न्याय र शान्ति प्रयास पहलकर्ता तथा निर्देशक डाक्टर डि एकर र रणनीतिक अनुसन्धान विज्ञ डानियल ओर्थ सहितको समूहमा सानो पाइलाका संस्थापक एवं प्रमुख कार्यकारी अधिकृत कञ्चन झाको नेतृत्वमा कैलालीको टिकापुर केन्द्रीत भएर दुई समुदाय सहित राज्यका अधिकारीसँग गोलमेच गर्दै थियो । झा सहित कैलाली पुगेको समुहले अखण्ड सुदुरपश्चिम र थारुवान संघर्ष समिति बिचको भिडन्तमा ज्यान गुमाएको परिवार र सोही आरोपमा कारागारमा रहेका परिवार सहित ग्रामिण भेगमा रहेका दुबै समुदायलाई सुन्दै थियो ।

सानो पाइलाका जागरुक हातहरु महोत्तरी, बारा र मकवानपुरमा विभिन्न मनकारी हातहरुसँगको सहकार्यमा न्यानो बाडदै थियो । समुदाय निर्माणबाट देश निर्माणको सम्भावनालाई पछिल्लो नौ वर्ष देखि निरन्तर स्थापना गर्न सकिने सम्भावना प्रमाणित गर्दै आएको सानो पाइलाका जागरुक, उर्जाशिल र मनकारी मनहरुको सामुहिक प्रयासले नै एकैदिन देशको भुगोलमा आफ्नो उपस्थिती देखाउन सम्भव भएको हो ।

सानो पाइला कैलालीमा राज्यको उपस्थिती होईन अभिभावक्तव, तराई-मधेशमा शितलहरको कहर बिरुद्ध प्राण गुमाउनेको सख्या बढ्नु अघि न्यानो र भुकम्पले थिलाथिला भएका भेगमा राज्यको मनकारी हातसँगै सबैको सहयोगका लागि अपिल गर्दछ । सानो पाइला कैलाली घटनामा राज्यका विभिन्न निकायबाट भएका अनुसन्धान प्रतिवेदन र प्रतिवेदनले सुझाएका तथा निर्देश गरेका कार्य यथासक्य सम्भव कार्यन्वयनमा ल्याउन सबैको पहलका लागि आग्रह गर्दछ । अन्तमा सानो पाइला संस्था सबै सबै प्रति कृतज्ञता र हार्दिक धन्यबाद ब्यक्त गर्दछ।

सानो पाइला परिवार

---